# बालमैत्री गाउँपालिका घोषणा प्रतिबेदन २०७८ पौष १९
## रम्भा गाउँपालिका, पाल्पा

प्रतिबेदक : कुश्माखर पाण्डे
बालमैत्री परामर्श दाता
रम्भा गाउँपालिका , पाल्पा

**बालमैत्री गाउँपालिका घोषणा प्रतिबेदन २०७८ पौष १९ सोमबार**

**रम्भा गाउँपालिकाको चिनारी :**

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि नेपालको बर्तमान संविधानले नेपालमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था गरेको छ । जसमध्ये केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय तह छन् । तिनै ७५३ स्थानीय तह मध्ये रम्भा गाउंपालिका पनि एक हो । प्रकृति र सस्कृतिले समृद्ध यो गाउँपालिका पाल्पा जिल्लाको मध्य भागमा पर्दछ । जसको उत्तरतर्फ विश्वमै शालग्राम प्राप्त गर्न सकिने पवित्र कालीगण्डकी नदी तथा स्याङ्जा जिल्ला, पूर्वमा रामपुर नगरपालिका तथा पूर्वखोला गाउँपालिका, दक्षिणमा माथागढी गाउँपालिका र पश्चिममा बगनासकाली गाउँपालिका पर्दछन । यस पालिकाको नामाकरण यसै गाउंपालिकाको वडा नं. ५ मा अवस्थित प्रसिद्ध धार्मिक स्थल रम्भादेवीको नामबाट भएको हो । रम्भादेवी मन्दिर तानसेनबाट करिव ३१ कि.मी.पूर्वमा रहेको छ । ताँहूबजारवाट २ कि.मी.उत्तर जंगलभित्र डांडाको काखमा रहेको यो मन्दिरमा विशेषत : कृष्णाष्टमीमा दर्शनार्थीहरुको ठूलो भिंड लाग्छ । यो गाउंपालिका पाल्पा जिल्लाको सवैभन्दा थोरै वडा भएको गाउंपालिका हो ।

यस पालिकामा पाल्पा जिल्लाका प्रमुख चार वटा अग्ला लेकहरु मध्येको रिमिघा लेक  रहेको छ । यो लेकमा परापुर्वकाल देखी ऋषिमुनिहरुले तपस्या गरेकोले ऐतिहासिक तथा पुरातात्विक विषयवस्तुहरुको अवलोकन गर्न सकिन्छ । उत्तरतर्फ चांदी झैं टल्किने सेता हिउंले ढाकेका हिमालयहरुको मनोरम दृश्य पनि यहांबाट देख्न सकिन्छ । प्राकृतिक सुन्दरताले भरिभराउ यो लेक लालिगुरांस, साल,सल्लो कटुस चिलाउने जातका रुखहरुले सुशोभित छ ।

२०७६ मा भएको घरधुरी सर्वेक्षण अनुसार रम्भा गाउंपालिकाको कुल जनसंख्या २५९०७ रहेको छ । यसमा महिलाहरुको संख्या १२६७१ र पुरुषको संख्या १३२३६ रहेको छ । रम्भाको क्षेत्रफल ९४.१२ वर्ग किलोमिटर रहेको छ ।  जसको कुल क्षेत्रफल ९४.१२ वर्ग कि.मी. मा फैलिएको छ । पाल्पा जिल्लाको साविक हुगी गा.वि.स.,फोक्सीङ्कोट गा.वि.स.,पिपलडांडा गा.वि.स.,हुमिन गा.वि.स, ताहुँ गा.वि.स.र हेक्लाङ गा.वि.स.को वडा नं.९ समेत गरी जम्मा ५ वडा कायम गरी रम्भा गाउपालिका बनाइएको हो । यसका साथै यस क्षेत्रमा रानीबास, ठूला हुगीफाँट, साना हुँगी, रैया जस्ता रमणीय पर्यटकिय क्षेत्रहरु पर्दछन् । यस गाउपालिकालाई पश्चिममा सिद्धार्थ राजमार्गले छोएको छ भने उत्तर र पूर्वमा कालीगण्ड की कोरीडोर सडकमार्गले छोएको छ । यसै गरी दक्षिणमा रामपुर जाने सडकले छोएको छ ।

यस पालिकाको सवैभन्दा अग्लो ठाउं रिमिघाको लेक १७९४ मिटरमा पर्दछ भने सवैभन्दा होंचो भाग कालीगण्डकीको किनार हुंगीमा पर्दछ जो ७५० मिटरमा रहेको छ । यो गाउंपालिकाको उत्तर तथा दक्षिणमा ठूल्ठूला खेती योग्य फांटहरु जस्तै हुंगी फांट, माडी फांट, फूरुङ्दी फांट र अंगाहाखोला फांट,निकीचौर फाँट पर्दछन् भने पहाडी अग्ला ठांउहरुमा ताहूँ, झोकेदी, रानीबास, घोङसोङ् जस्ता ठाउंहरुका बस्ती पर्दछन । यसले गर्दा यस पालिकामा फरकफरक हावापानी पाइन्छ ।

पाल्पा जिल्लाकै पहिलो,दोस्रो,तेस्रो तथा चौथो बालमैत्री वडा घोषणा साथै बालअधिकार सुनिश्चिततताका लागि बालबालिकाकेन्द्रित कार्य गर्न बालमैत्री स्थानिय शासन राष्ट्रिय रणनीति २०६८ तथा घोषणा कार्यबिधि २०७० अनुसार रम्भा गापाको ४ वटा वडाहरुलाई गत आ.व मा नै बालमैत्री वडा घोषणा गर्ने अवसर प्राप्त भएको थियो भने यस बष आजको दिनमा पाल्पा लुम्बिनी प्रदेशकै बिधिबत् रुपमा पहिलो बालमैत्री गाउँपालिका घोषणा गर्ने अवसर समेत यस रम्भा गाउँपालिकाले हासिल गरेको छ ।

कानुनी व्यवस्था

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो । नेपालको संविधानमा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन २०७५ बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC), लगायत अन्य कानून, नीति तथा कार्यक्रमहरुले समेत बाल अधिकारको समग्र पक्षलाई सम्वोधन गरेको छ । स्थानीय सरकारको रुपमा रहेका गाउँपालिकाका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेका छन् । यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा आत्मसात गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ । रम्भा गाउँपालिकाले पनि सोही कार्यलाई आत्मसात गर्दै बालमैत्री स्थानीय शासन र बालअधिकारको विषयलाइ समग्र कार्य पद्धति र प्रणालीमा अन्तरभूत गर्ने प्रतिवद्धता २०७५/१०/२३ मा गरेको छ र सोही अनुरुप कार्य अगाडी बढेको छ ।

जोखिममा रहेका बालबालिकाको संरक्षणमा जोड दिदै सबै सरकोरवालाहरुको सहभागिता सहितको बाल सहभागिताको माध्यमबाट बालबालिकाको अधिकार संरक्षण र प्रर्वद्धन गर्न योजनावद्ध कार्यक्रमहरु संचालन गरी सिङ्गो गाउँपालिकालाई बालमैत्री गाउँ घोषणा गरी घोषणा पश्चात यसको निरन्तरता र दिगोपनाको सुनिश्चित गर्नको लागि यो बालमैत्री स्थनीय शासन घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा गरिएको छ ।

अन्तर्राष्ट्रिय दस्तावेजहरू

१. मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा-पत्र, १९४८

२. बालअधिकार सम्बन्धी महासन्धि,१९८९

३. दीगोविकास लक्ष्य, सन् २०१६-२०३०

४. जेनेभा महासन्धिहरू

५. दक्षिण एसिया बालकल्याण प्रर्वद्धनका लागि क्षेत्रीय व्यवस्थ ासम्बन्धी सार्क महासन्धि, २००२

६. सुरक्षा परिषद्को १६१२ घोषणा

७. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्र, १९६६

राष्ट्रिय कानूनी दस्तावेजहरू

१.नेपालको संविधान

२.मुलुकी अपराध (संहिता) ऐन, २०७४

३. मुलुकी देवानी (संहिता) ऐन, २०७४

४.बालबालिका सम्बन्धी ऐन,वि.स.२०७५,

५.स्थानीय सरकार सञ्चालन ऐन, वि.स.२०७४,

६.बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६

७.बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८

८.बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८

९. बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

१० रम्भा गा.पा को वस्तुस्थिति विवरण २०७६

११,रम्भा गाउँपालिकाको बाल कोष संचालन कार्यविधि २०७६

१२,बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्याविधि २०७८

१३, रम्भा गाउँपालिका बाल समन्वय समिति संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ पहिलो संशोधन २०७८

१४,विद्यालयमा बालअधिकार संरक्षण समिति गठन,काम कर्तव्य तथा बाल सुरक्षा नीति कार्यान्वयन कार्याविधि २०७६

१५, बालमैत्री स्थानीय शासन कार्यान्वय निर्देशिका २०७८

१६.बालविवाह अन्त्यका लागि लुम्विनी प्रदेशको दशबर्षे रणनीति

## बालमैत्री गाउँपालिका  घोषणाका लागि हालसम्म मुख्यरुपमा निम्न कामहरु भएका छन्

बालमैत्री गाउँपालिका  घोषणाका लागि हालसम्म मुख्यरुपमा निम्न कामहरु भएका छन् ।

- पालिका स्तरिय बालमैत्री स्थानिय शासन समितिको बैठकहरु आवश्यक्ता अनुसार संचालन  गरेको
- पालिकास्तरिय बालक्लव संजाल बैठकहरु आवश्यक्ता अनुसार बस्ने गरेको पाईयो ।
- पालिका भित्रका सबै बिद्यालयका शिक्षकहरुलाई बालमैत्री स्थानीय शासन सम्वन्धी अभिमुखीकरण गरिएको ।

- रम्भा गाँउपालिकामा समुदाय तथा बिद्यालयहरुमा गरी जम्मा ९५ वटा बालक्लबहरु गठन तथा पुर्नगठन तथा वडामा सुचिकृत गरिएको र बालक्लब संख्या ९५ पुगी क्रियाशिल रहेको भेटियो ।
- रम्भा गाँउपलिका ५ वटा वडा भित्र ५ वटा बाल क्लव नेटवर्क तथा पालिका स्तरमा १ वटा बाल क्लव संञ्जाल स्थापना भई क्रियाशिल रहेका ।
- पालिका भित्रका स्वास्थ्यकर्मीहरु, महिला स्वास्थ्य स्यमंसेविका तथा पोषण सहयोगी सहजकर्ताहरुलाई बालमैत्री स्थानीय शासनका विषयमा अभिमुखीकरण गरिएको ।
- राजनितिक दल तथा संघ संस्थाहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण गरिएको ।
- बाल विवाह न्यूनीकरणका लागि ज्योतिष पण्डितहरुसग छलफल तथा उहाँहरुको प्रतिबद्धता लिने काम पुरा गरिएको ।
- बाल संरक्षणका लागि सवारी धनी, गाडी चालक, होटल मालिकहरुलाई बालमैत्री स्थानीय शासन अभिमुखीकरण गरिएको ।
- बालमैत्री स्थानीय शासन सम्बद्ध सूचकहरु सम्बन्धी अभिलेखहरु व्यवस्थापन गरी राखिएको।
- बालमैत्री विद्यालयका सूचकहरु तयार गरी अनुगमनका आधारमा पालिका भित्रका सबै ४१ विद्यालयहरु बालमैत्री घोषणा भएको ।
- गर्भवतीलाई ४ क्यारेड अन्डा बितरण ।
- बच्चा जन्मेको ३५ दिन भित्र जन्मदर्ता गराए रु १५०० आमालाई पोषण भत्ता दिने
- बिद्यार्थी सँग करेशाबारी ।
- विद्यार्थी दिवा खाजा कार्यक्रम कक्षा ६ देखि ८ सम्म पालिकाकै स्रोतबाट संचालनमा हुनु ।
- बालमैत्री परामर्श दाता तथा ६ जना बालमैत्री सहजकर्ताहरुको नियूक्ति गरेको ।
- बालबालिका समबन्धी दीगोपना योजना तथा लगानी योजना तयार भई कार्यान्ययनमा आएको
- आमा र नवशिशुको सुरक्षाका प्रसुति अवस्थामा स्थानी निकायबाट निशुल्क रुपमा यातयात साधनको व्ययस्था ।
- सुत्केरी स्वास्थ्य चाँचका लागि ३ दिन तथा ७ दिनमा सुत्केरी जाँचको ब्यवस्था ।
- घरमा सुत्केरी हुनेदर निरन्तर शुन्य हुनु ॥
- पालिका स्तरमा २ वटा स्वास्थ्य संस्थामा ओ.टी.सी संचालनमा आउनु ।
- जनस्वास्थ्यका प्रगती सुचकहरु बढ्दो क्रममा रहेको र यसको दिगापना र निरन्तरता लागि अगाडी बढ्नु ।
- सुत्केरी आमालाई शुक्म पोषण तत्व बितरणको थालनी हुनु ।
- किशोरीहरुकालागि आत्मरक्षा तालिम ।

बालमैत्री स्थानीय शासनका सूचकहरुमा प्राप्त गरेका नतिजाहरुको साररुप देहाय बमोजिम रहेको छ

| क .सं. | सूचकहरु | घोषणालाई चाहिने अंक | अहिलेको अवस्था | कैफियत |
|---|---|---|---|---|
| क) बाल बचाउ सम्बन्धी सूचकहरु | | | | |
| १ | गर्भवति महिलाहरुले कम्तिमा प्रसूति पूर्व ४ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने | ९५% | ९६% | स्वास्थ्य चौकी तथा स्वास्थ्य शाखा बाट प्रात्त प्रतिबेदन तथा सुचक प्रमाणीकरणको आधारमा |
| २ | गर्भवति महिलाले टिटानस विरुद्धको २ वटा खोप ल गाएको हुनुपर्ने, | ९५% | १००% | स्वास्थ्य चौकी तथा स्वास्थ्य शाखा बाट प्रात्त प्रतिबेदन तथा सुचक प्रमाणीकरणको आधारमा |
| ३ | गर्भवति तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनुपर्ने । | ९५% | १०० % | स्वास्थ्य चौकी तथा स्वास्थ्य शाखा बाट प्राप्त प्रतिबेदन तथा सुचक प्रमाणीकरणको आधारमा |
| ४ | गर्भवति आमाको स्वास्थ्य संस्थामा सुत्केरी गराइएको हुनुपर्ने, | ८०% | १००% | स्वास्थ्य चौकी तथा स्वास्थ्य शाखा बाट प्रात्त प्रतिबेदन तथा सुचक प्रमाणीकरणको आधारमा |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको (आमाको दूध मात्रै खुवाउने) हुनुपर्ने, | ८०% | ९९% | स्वास्थ्य चौकी तथा स्वास्थ्य शाखा बाट प्रात्त प्रतिबेदन तथा सुचक प्रमाणीकरणको आधारमा |
| ६ | ६ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाएको हुनुपर्ने । | १००% | १०० % | स्वास्थ्य चौकी तथा स्वास्थ्य शाखा बाट प्रात्त प्रतिवेदन तथा सुचक प्रमाणीकरणको आधारमास्वास्थ्य चौकी तथा स्वास्थ्य शाखा बाट प्राप्त प्रतिबेदन तथा सुचक प्रमाणीकरणको आधारमा |
| ७ | १५ महिनाका प्रत्येक बालबालिकाले पूर्ण रुपमा खोप - बि. सि. जि. ,डिपिटी, | १०० % | १०० % | स्वास्थ्य चौकी तथा स्वास्थ्य शाखा बाट प्रात्त प्रतिबेदन तथा सुचक प्रमाणीकरणको आधारमा |

| | | | | |
|---|---|---|---|---|
| | हेपटाइटिस बि, हिब ३, पोलियो, दादुरा, मात्रा) पाएको हुनुपर्ने। | | | |
| ८ | एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरुले ARV Prophylaxis पाएका हुनेछन्। | १००% | १००% | स्वास्थ्य चौकी तथा स्वास्थ्य शाखा बाट प्रात्त प्रतिबेदन तथा सुचक प्रमाणीकरणको आधारमा |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग | १००% | १००% | स्वास्थ्य चौकी तथा स्वास्थ्य शाखा बाट प्रात्त प्रतिबेदन तथा सुचक प्रमाणीकरणको आधारमा |
| १०. | कमतौल, पुडको र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ। | ८० % | १०० % | स्वास्थ्य चौकी तथा स्वास्थ्य शाखा बाट प्रात्त प्रतिबेदन तथा सुचक प्रमाणीकरणको आधारमा |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शून्य भएको हुनेछ। | १००% | १०० % | स्वास्थ्य चौकी तथा स्वास्थ्य शाखा बाट प्रात्त प्रतिबेदन तथा सुचक प्रमाणीकरणको आधारमा |
| १२ | सबै घरधुरीमा आधारभूत तहको खानेपानी सुविधा उपलब्ध भएको हुनेछ। | १०० % | १००% | स्वास्थ्य चौकी तथा स्वास्थ्य शाखा बाट प्रात्त प्रतिबेदन तथा सुचक प्रमाणीकरणको आधारमा तथा घरधुरी सर्वेक्षण |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ्। | १०० % | १००% | स्वास्थ्य चौकी तथा स्वास्थ्य शाखा बाट प्रात्त प्रतिबेदन तथा सुचक प्रमाणीकरणको आधारमा तथा घरधुरी सर्वेक्षण |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुल्ला दिसामुक्त घोषणा भएको हुनेछ। | १००% | १००% | स्वास्थ्य चौकी तथा स्वास्थ्य शाखा बाट प्रात्त प्रतिबेदन तथा सुचक प्रमाणीकरणको आधारमा तथा घरधुरी सर्वेक्षण |
| **ख** | **बाल संरक्षण** | | | |
| १५ | ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ। | १०० % | १००% | वडा बाट प्रात्त रेकडको आधारमा |

| | | | | |
|---|---|---|---|---|
| १६ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाहरुको पुनर्स्थापनाभएको हुनेछ । | १०० % | १००% | हालकुनै पनि त्यस्ता प्रकारका घटना नघटेको र घटेमा ब्वस्थापन गर्ने |
| १७ | स्थानिय तहमा बाल बिवाह मुक्त भएको हुनेछ । | १०० % | १००% | बाल बिबहा भएका जोडिहरुलाई घर घरमा फर्काएको आधार |
| १८ | घरपरिवार, समुदाय,सार्वजनिक स्थान ( बिद्यालय,सामाजिक चाडपर्व,भेला)मा बालबालिका बिरुद्ध हुने हिंसा,वेचबिखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा कमी आएको हुनेछ । | ८० % | १०० % | हाल कुनै पनि त्यस्ता प्रकारका घटना नघटेका र घटेमा ब्वस्थापन गर्ने |
| १९ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई संचालनमा ल्याइएको हुनेछ । | १०० % | १००% | गठन तथा नियमित बैठक |
| २० | छाउपडी ,कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | ९५% | १००% | हाल कुनै पनि त्यस्ता प्रकारका घटना नघटेका घटेमा ब्वस्थापन गर्ने |
| २१ | स्थानिय तह /समुदायले १४ बर्षमुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न बिशेष व्यवस्था गरेका हुनेछन् । | १००% | १००% | हाल कुनै पनि त्यस्ता प्रकारका घटना नघटेका घटेमा ब्वस्थापन गर्ने |
| २२ | स्थानिय तहमा सडक बालबालिकाको संख्या शून्य भएको हुनेछ (सडक बालबालिकालाई (भएकोमा) बालगृहमा राखी व्यवस्थापन भएको हुने ) | १००% | १००% | हाल कुनै पनि त्यस्ता प्रकारका घटना नघटेका घटेमा ब्वस्थापन गर्ने |
| २३ | स्थानिय तहमा रहेका बिद्यालयहरुले बाबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | १००% | १००% | पालिका भरका सबै ४१ बिद्यालय बालमैत्री बिद्यालय घोषण भएका |
| २४ | कुलतमा लागेका बालबालिकाको लागि बालसुधार गृहमा राख्ने ब्यवूथा मिलाएको हुनेछन् । | १००% | १००% | हालकुनै पनि त्यस्ता प्रकारका घटना नघटेका घटेमा ब्वस्थापन गर्ने |
| ग | **बाल विकास सम्बन्धी सूचकहरु** | | | |
| २५ | ३ देखि ४ वर्ष उमेर पुगेका बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष ब्यवस्था गर्नुपर्ने । | १०० % | १००% | बिद्यालयको बिद्यार्थी भर्नाको आधारबाट |
| २६ | ५ देखि १४ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेका हुनेछन् । | १०० % | १००% | बिद्यालयको बिद्यार्थी भर्नाको तथा टिकाउदरको आधारबाट |

| | | | | |
|---|---|---|---|---|
| २७ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ । | १००% | १००% | बिद्यालयको भौतिक अवस्थाको आधार |
| २८ | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा,फर्निचर,खेलमैदान,खानेपानी धारा) बालमैत्री,अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन् । | १००% | १००% | बिद्यालयको भौतिक अवस्थाको आधार |
| २९ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्वन्धी कार्यक्रम संचालन भएको । | १००% | १००% | बिद्यालयको अतिरिक्त कृयाकलाप सम्बन्धी बार्षिक तालिकाको आधार |
| ३० | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग विर्सजन गरेका हुनेछन । | १०० % | १००% | विद्यालयमा गरिएको स्थलगत अनुगमनको आधार |
| **घ** | **बाल सहभागिता सम्बन्धी सूचकहरु** | | | |
| ३१ | स्थानीय तहमा समावेशी आधारमा बाल संजाल गठन भई क्रियाशील (न्यूनतम् बार्षिक ३ वटा कार्यक्रम संचालन ) रहेका हुनेछन् । | ९५% | १००% | पालिका गरेको अभ्यासको आधारमा |
| ३२ | स्थानीय तहका वस्ती वा टोल र विद्यालयमा समावेशी आधारमा बाल संजाल गठन भई क्रियाशील (न्यूनतम् बार्षिक ३ वटा कार्यक्रम संचालन ) रहेका हुनेछन् । | ९५% | १००% | बालक्लव गठन तथा सुचिकृतको आधारमा |
| ३३ | ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने बिद्यालयका व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधित्व रहनेछ । | १०० % | १००% | विद्यालय बाट प्रात्त जानकारी तथा अनुगमन |
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लव/संजालको प्रतिनिधित्व रहनेछ । | १०० % | १००% | स्वास्थ्य संस्थाब बाट प्रात्त जानकारी तथा अनुगमन |
| ३५ | स्थानीय तहमा रहेका बालबालिका संम्वन्धी सरोकारका संरचना/समितिमा १२ देखि १४ बर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | ९०% | १००% | पालिकाको गाँउसभाको सहभागिताको आधारमा |
| ३६ | बालभेलाबाट माग भै आएका योजनाहरु स्थानिय तहको योजनामा समावेश भएका हुनेछ । | १०० % | १००% | पालिकाको गाँउसभाको सहभागिताको तथा बाल क्लवहरुको बैठक |
| **ङ** | **संस्थागत विकास सम्बन्धी सूचकहरु** | | | |

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ३७ | वडा/गाँउ/नगरपालिका तहमा बालमैत्री स्थानिय शासन समितिहरु गठन भै क्रियाशिल रहेकाहुनेछन् । | १०० % | १०० % | भएको |
| ३८ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र निति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् । | १०० % | १००% | बनाएको |
| ३९ | वडा/गाँउ/नगरपालिमा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र संचालनमा रहेकाहुनेछन् । | ८०% | ८०% | सुरुवात |
| ४० | बालबालिकाको वस्तुगत बिवरण (प्रोफाईल) को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ । | १००% | १००% | निमार्ण भएको तथा पुर्नलेखनको काम भएको |
| ४१ | स्थानिय तहको योजना तर्जुमा पूर्व बार्षिक रुपमा वडा र गाँउ /नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्रथामिकता तोकेका बिषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ । | १००% | १००% | बार्षिक रुपमा हुने गरेको |
| ४२ | स्थानी तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | १००% | १००% | निमार्ण तथा पुर्नलेखनको काम भएको |
| ४३ | प्रारम्भिक बालविकासकेन्द्रहरुले स्थानीय तहले तोकेको न्यूननतम् मापदण्ड पुरा गरेका हुनेछन् । | १००% | १००% | तयार भई कार्यान्वयनमा आएको |
| ४४ | बिद्यालयले कक्षा ६ देखि १० सम्मका बिद्यार्थीहरुको लागि बालमैत्री,बातावरणमैत्री र बिपद् ब्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा संचालन गरेका हुनेछन् । | १००% | १००% | शुरुवात भएको |
| ४५ | आधारभुत शिक्षा पश्चात बिद्यालय शिक्षाबाट बचिंत भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा (ब्यवसायिक तथा सीपमुलक तालिम) प्राप्त गरेका हुनेछ । | ८०% | ८०% | तथ्याङ्क संकलन भएको |
| ४६ | स्थानीतहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाई रहेको हुनेछ । | १००% | १००% | निमार्ण भएको |
| ४७ | बिद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम् | १००% | १००% | निमार्ण भएको |

| | | | | |
|---|---|---|---|---|
| | मापदण्ड अनुसार बालमैत्री र अपाङ्गतामैत्री हुनेछन् । | | | |
| ४८ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ । | १००% | १००% | सबैमा तयार भएको |
| ४९ | बसपार्क, सिनेमा हल,हाटबजार,खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ । | १००% | १००% | गरेको |
| ५० | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ । | १००% | १००% | गरेको |
| ५१ | विपद्को समयमा बालबालिका तथा अपाङ्ता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | १००% | १००% | भएको |

अन्तमा बालमैत्री गाउँपालिका घोषणका लागि बालअधिकारका चार पक्षहरु : बाल बचाऊ, बाल संरक्षण, बालबिकास तथा बाल सहभागिता सम्बद्ध सुचकहरु तथा संस्थागत बिकासका क्षेत्रहरुमा अभियान संचालन गरिएको र सो सुचकहरु पुरा गरिइएको छ । यसका लागि बालमैत्री स्थानिय शासन समिति, बालसंरक्षण समिति, बालक्लव समन्वय समिति, वडा समिति हुदै बालमैत्री स्थानीय शासन समितिले अनुगमन तथा रम्भा गाउँकार्यपालिकाको पटक पटकको स्थलगत अनुगमन जिल्ला समन्वय समिति पाल्पाको अनुगमन प्रतिबेदन तथा कानुन महिला बालबालिका तथा जेष्ट नागरिक मन्त्रालय मुकाम बुटवलको स्थलगत अनुगमन र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय शासकिय सुधार तथा समन्वय महाशाखा मुकाम बुटवलबाट माननीय मुख्यमन्त्री स्तरीय निर्णयानुसार बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ को दफा १३ सँग सम्वन्धित अनुसुचि २ को (ख) बुँदा नं १० अनुसार स्वीकृत प्राप्त गरी आज हामी रम्भा गाँउपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्ने अवसर प्राप्त गरेका छौ । यो शोणिम अवसरका लागि जिल्ला समन्वय समिति पाल्पा, कानुन महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय मुकाम बुटवल, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय शासकिय सुधार तथा समन्वय महाशाखा मुकाम बुटवल, बालक्लव,बिद्यालय,स्वास्थ्य संस्था,महिला स्वास्थ्य स्वय सेविका,पोषण सहयोगि सहजकर्ता, बालमैत्री सहजकर्ता,बिभिन्न संध संस्था,राजनितिक दल,कर्मचारी बुद्धिजिवि,पत्रकार, सुरक्षा निकाय तथा आम रम्भा बासी बुबा आमा दाजु भाई दिदि बैनिहरु प्रति हार्दिक अभार एवंम धन्यबाद प्रकट गर्दछौ ।

कुश्माखर पाण्डे

तयार गर्ने

कृष्ण प्रसाद ढकाल

रुजु गर्ने

प्रमुख प्रशासकीय अधिकृत